# कर्णाली प्रदेश सरकार

मा.सीता कुमारी नेपाली
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर,सुर्खेत,नेपाल


प.सं. : २०७७/०७८
च.नं. :

मिति:२०७८।०३।२५

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल असार २४ गते बिहीबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णय |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई संशोधन सहित स्वीकृति प्रदान गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ६ को उपदफा ५ मा रहेको व्यवस्थामा दफा १९ अनुसार वाधा अड्काउ फुकाउने । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन सम्बन्धी विद्युतीय प्रणालीलाई स्वीकृति प्रदान गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेशका विभिन्न जिल्लाहरुमा प्राकृतिक विपद्का घटनावाट पूर्ण रुपमा क्षति भएका घर परिवारको विवरण सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरुमार्फत संकलन गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रमाणित वा एकिन गरी पठाएको विवरण तथा अन्य प्रकृयाका आधारमा सम्बन्धित स्थानीय तह/स्थानीय तह विपद् व्यवस्थापन समितिले हाललाई प्रति घर परिवार रु. पचास हजारका दरले रकम बितरण गर्ने/उपलब्ध गराउने र सोको लागि आवश्यक पर्ने रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले सम्बन्धित स्थानीय तहमा सशर्त रुपमा निकाशा पठाउने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश विपद् व्यवस्थापन कोषमा रु पाँच करोड जम्मा गर्ने प्रयोजनार्थ आर्थिक मामिला तथा योजना मन्त्रालयबाट रकम निकाशा गर्न स्वीकृति प्रदान गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८ स्वीकृति गर्ने । |


टेलिफोन नं.: ०८३-५२५७५०(कार्यालय), Email: nsita87@gmail.com , Web: www.moial.karnali.gov.np



Scanned with CamScanner

# कर्णाली प्रदेश सरकार

मा.सीता कुमारी नेपाली
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर,सुर्खेत,नेपाल


| | |
|---|---|
| आर्थिक मामिला तथा योजना मन्त्रालय | रकम भुक्तानीका सन्दर्भमा अपनाउनु पर्ने सम्पूर्ण प्रकियाको जिम्मेवारी सम्वन्धित स्थानीय तहको हुने शर्तको अधिनमा रही पूर्वाधार विशेष कार्यक्रम अन्तर्गतका भुक्तानी बाँकी आयोजनाहरुको लागि रकम भुक्तानी गर्न सोरु गाउँपालिकामा वित्तीय हस्तान्तरण मार्फत बजेट व्यवस्था गर्न रु. २,५०,००,०००/-(अक्षरूपी रु. दुई करोड पचास लाख मात्र) अर्थ विविध भैपरी आउने खर्च शिर्षकवाट बजेट व्यवस्था गर्न स्विकृती दिने। |
| सामाजिक विकास मन्त्रालय | कर्णाली प्रदेश अन्तर्गतका सामाजिक विकास मन्त्रालयद्वारा प्रस्तावित कार्यालय/अस्पतालहरूलाई कोभिड-१९ को पहिचान, निदान र उपचार, शव व्यवस्थापन र एम्वुलेन्स सञ्चालन कार्यमा अग्रपंक्तिमा रही प्रत्यक्ष रूपमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी, एम्वुलेन्स/शववाहन चालक र सरसफाईकर्मीहरूलाई प्रमाणित अभिलेखका आधारमा प्रचलित कानून एवं प्रदेश सरकारको भत्ता सम्वन्धी स्वीकृत मापदण्ड वमोजिम शुरू तलव स्केलको बढिमा ५०% जोखिम भत्ता प्रदान गर्ने। |

(सीता कुमारी नेपाली)
प्रवक्ता,प्रदेश सरकार




Scanned with CamScanner